स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

आर्थिक अभियान

प्रत्येक दृष्टि, आर्थिक कोण

www.abhiyandaily.com


# ऊर्जामन्त्री खड्कासामु इप्पानको आठबुँदे माग

काठमाडौं (अस) । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले नवनियुक्त ऊर्जामन्त्री दीपक खड्कालाई भेटेर आठबुँदे माग राखेको छ । मंगलवार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा भएको भेटमा इप्पानका अध्यक्ष गणेश कार्कीले मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि सरकारले यस क्षेत्रका लगानीकर्ताले उठाएका न्यूनतम माग सम्बोधन गरिदिन आग्रह गरे ।

बाढी प्रभावित आयोजनाले एक वर्षसम्म पनि सहुलियत नपाएको स्मरण गराउँदै अध्यक्ष कार्कीले काबु बाहिरको परिस्थितिमा आयोजनाको व्यावसायिक विद्युत् उत्पादन गर्नुपर्ने मिति (आरसीओडी)को म्याद २ वर्ष थप गरी विद्युत् उत्पादन अनुमतिपत्रको अवधि ५ वर्ष थप गरिदिन आग्रह गरे ।

इप्पानका महासचिव बलराम खतिवडाले शुरूमा टेक अर पे (लेउ वा तिर) पीपीए गरिए पनि नेपाल विद्युत् प्राधिकरणले प्रसारण लाइनको कारण देखाउँदै कन्टिन्जेन्सी (वैकल्पिक विद्युत् खरीदविक्री सम्झौता) पीपीएमा हस्ताक्षर गर्न लगाएर वर्षौंसम्म विद्युत् खरीद नगरेकाले यो व्यवस्था नै खारेज गरिदिन आग्रह गरे ।

इप्पानले ऊर्जामन्त्री खड्कासामु आरसीओडी म्याद थप, कन्टिन्जेन्सी व्यवस्था खारेज, पीपीए खुला, हाइड्रोलोजी पेनाल्टी खारेज र प्रसारणलाइन नबनेका कारण विद्युत् प्रवाह नभएमा उक्त अवधिको ब्याज पूँजीकरणका लागि पहल गर्न माग गरेको छ । यस्तै, आर्थिक वर्ष २०८४/८५ पछि पनि 'टेक अर पे' प्रावधानमै रहेर पीपीए गर्न, बाढी प्रभावित आयोजनालाई राहत घोषणा गर्न तथा पूर्वघोषित राहतका कार्यक्रम तत्काल कार्यान्वयन गर्न र विद्युत् ऐन २०४९ अनुसार मर्मतसम्भारमा लाग्ने मेशिनरी उपकरण १ प्रतिशत भन्सारमै ल्याउन पाउने व्यवस्था गर्न इप्पानले आग्रह गरेको छ । ऊर्जामन्त्री खड्काले यस विषयमा मन्त्रालयको टिमसँग छलफल गरिने बताए ।

# तनहुँ जलविद्युत् आयोजनाको भौतिक प्रगति ५९ प्रतिशत




तनहुँ । तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एकसय ४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना निर्माणले गति लिएको छ। हालसम्म आयोजनाको भौतिक प्रगति ५९ प्रतिशत पुगेको आयोजनाले जनाएको छ ।

आयोजनाका प्रबन्ध निर्देशक किरण श्रेष्ठले भने, 'आयोजनाको प्याकेज-१ मा ३५, प्याकेज-२ मा ७३ र प्याकेज-३ मा ७३ प्रतिशत कार्यप्रगति भएको छ, वर्षा रोकिएपछि निर्माण थप तीव्र पारिनेछ ।' आयोजनाको प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जेभीसँग विसं २०७८ भदौ १४ गते ठेक्का सम्झौता भई काम भइरहेको छ । आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२ निर्माण गर्न सिनो हाइड्रो कर्पोरेसन, चीनसँग २०७५ असोज १५ गते खरीद सम्झौता भएको थियो ।

त्यसैगरी, प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभी डबल सर्किट प्रसारण लाइन निर्माणका लागि केइसी इन्टरनेसनल लिमिटेड, भारतसँग २०७५ पुस १० गते खरीद सम्झौता भई २०७५ फागुन १० देखि कार्यान्वयनमा आइसकेको छ । आयोजना निर्माणका लागि एसियाली विकास बैंक (एडिबी)ले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले ८ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले ८ करोड ६० लाख डलर गरी ५० करोड ५० लाख अमेरिकी डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको आयोजनाले जनाएको छ ।

बर्खायामको समयमा सेतीनदीमा आउने बाढीका कारण अहिले निर्माण केही प्रभावित भएको आयोजनाले बताएको छ । आयोजनाको प्याकेज-१ अन्तर्गत बाँध निर्माणका लागि कङ्क्रिटको काम नदी किनारमा बसेर गर्दा डाँडाबाट ढुंगा खस्ने हुँदा निर्माण प्रभावित भएको आयोजनाका प्रबन्ध निर्देशक श्रेष्ठले जानकारी दिए । *रासस*


## ...कतम खुद्रा मूल्य (MRP) प्रकाशनको सुचना

...अधिकतम खुद्रा मूल्य (MRP) मिति २०८१।०४।०९ देखी
...को जानकारीको लागी प्रकाशन गरिएको छ ।

| Country of Origin | Unit | Per Unit Prices | MRP | Remarks |
|---|---|---|---|---|
| Germany | Bottle | 7,850.00 | 7,850.00 | |
| Germany | Bottle | 5,905.00 | 5,905.00 | |
| Germany | Bottle | 4,125.00 | 4,125.00 | |
| Germany | Bottle | 1,700.00 | 1,700.00 | |
| Germany | Bottle | 405.00 | 405.00 | |

एक्जीम कोड नं. 6008045380120NP
फोन नं. 01-5329922



हाम्रो गौरव, राष्ट्रको पत्रिका

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग्जनः।


# उद्योगमा विद्युत् आपूर्ति सुचारु

जगदम्बा स्टिलले एक अर्ब छ करोड रुपियाँ, रिलायन्सले ७६ करोड रुपियाँ, हुलास स्टिल्सले १४ करोड रुपियाँ, जगदम्बा सिन्थेटिकले २० करोड रुपियाँ, अर्घाखाँची सिमेन्टले ४५ करोड रुपियाँ र घोराही सिमेन्टले ५९ करोड रुपियाँ प्राधिकरणलाई तिर्न बाँकी छ ।



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन ८ गते*

बक्यौता भुक्तानी नगरेका कारण उद्योगहरूको काटिएको लाइन पुनः जोडिएको छ। मङ्गलबार राति नेपाल विद्युत् प्राधिकरणले लाइन काटिएका ती उद्योगमा पुनः जोडिदिएको हो।

मङ्गलबार बसेको नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको बैठकले तीन महिनाभित्र बक्यौता भुक्तानी नगरे पुनः कारबाही गर्ने निर्णयसहित ती उद्योगको लाइन जोड्ने निर्णय गरेको थियो।

नयाँ सरकार गठन भएलगत्तै प्रधानमन्त्री केपी शर्मा ओलीले साउन ४ गते सरोकारवालासँग छलफल गर्दै विद्युत् काटिएका छ उद्योगमा पुनः जडान गर्न निर्देशन दिनुभएको थियो। साउन ६ गते विद्युत् नियमन आयोगले पनि बक्यौता असुली गर्न विद्युत् लाइन काटिनु गलत भएको भन्दै तत्काल जडान गर्न लिखित निर्देशन दिएको थियो।

आयोगले आइतबार निर्देशन दिएपछि सोमबार बसेको प्राधिकरण सञ्चालक समितिको बैठकमा आयोगको निर्देशनप्रति एकमत हुन नसकेपछि कुनै निर्णय हुन सकेन। मङ्गलबार बसेको सञ्चालक समिति बैठकले भने प्राधिकरण व्यवस्थापनलाई लाइन जोड्न भनेपछि मङ्गलबार राति ती उद्योगमा विद्युत् आपूर्ति सूचारु गरिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। मङ्गलबारको बैठकमा सञ्चालकद्वय भक्तबहादुर पुन र कपिल आचार्यले लाइन जोड्ने निर्णयप्रति असहमति जनाई 'नोट अफ डिसेन्ट' लेख्नुभएको छ।

प्राधिकरणले असार २५ देखि २७ गतेभित्र जगदम्बा स्टिल्स, रिलायन्स स्पिनिङ मिल्स, हुलास स्टिल्स, जगदम्बा सिन्थेटिक्स, अर्घाखाँची सिमेन्ट र घोराही सिमेन्टले विद्युत् महसुलको बक्यौता नतिरेको भन्दै ती उद्योगमा विद्युत् आपूर्ति विच्छेद गरिदिएको थियो। पछिल्लो विवरण अनुसार जगदम्बा स्टिलले एक अर्ब छ करोड रुपियाँ, रिलायन्सले ७६ करोड रुपियाँ, हुलास स्टिल्सले १४ करोड रुपियाँ, जगदम्बा सिन्थेटिकले २० करोड रुपियाँ, अर्घाखाँची सिमेन्टले ४५ करोड रुपियाँ र घोराही सिमेन्ट ५९ करोड रुपियाँ प्राधिकरणलाई तिर्न बाँकी छ।

## अध्ययन भए, निकास निस्किएन

आमजनता लोडसेडिङमा बसेका बेला उद्योगहरूमा भने विद्युत् आपूर्ति गरिएको र सोबापत उद्योगहरूले प्रिमियम महसुल नतिरेको भन्दै प्राधिकरणले त्यस्ता उद्योगमा विभिन्न समयमा विद्युत् आपूर्ति विच्छेद गर्ने गरेको छ। पछिल्लो समय गत वर्ष पुसमा पनि विद्युत् आपूर्ति विच्छेद गरिएको थियो। समस्या समाधान गर्न भन्दै पुस २४ गते तत्कालीन मन्त्रीपरिष्दले पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा उच्चस्तरीय आयोग गठन गरेको थियो। सो आयोगले सरकारलाई प्रतिवेदन बुझाइसकेको छ तर सार्वजनिक भने गरिएको छैन।

लामो समयदेखि विवादको विषय बन्दै आएको यो समस्या समाधान गर्न भन्दै मन्त्रीपरिषद्ले नै यसअघि २०७६ साल पुस २१ गते ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका तत्कालीन सचिवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको थियो। सो समितिले कार्यादेश अनुसार २०७७ असार २९ मा मन्त्रीपरिषद्मा प्रतिवेदन बुझाएको थियो। सो प्रतिवेदन कार्यान्वयनमा पठाउने निर्णयसमेत मन्त्रीपरिषद्ले गरेको थियो।

प्रतिवेदनले २०७२ माघदेखि २०७५ वैशाख मसान्तसम्मको अवधिमा डेडिकेटेड फिडर र ट्रङ्कलाइनबाट विद्युत् आपूर्ति लिएका उद्योगीबाट प्राधिकरणको स्वीकृति नलिई लोडसेडिङ तालिकामा तोकिएको समयभन्दा बढी अवधि विद्युत् सेवा लिएकाले विद्युत् महसुल सङ्कलन विनियमावली, २०७३ बमोजिम असुलउपर गर्नुपर्ने निष्कर्ष निकालेको थियो। बाँकी अवधिका विषयमा विद्युत् नियमन आयोगले निर्णय गर्नुपर्ने प्रतिवेदनमा उल्लेख थियो।

नियमन आयोगले पनि खपत प्रमाणित गरेर लोडसेडिङ अन्त्यपछि नयाँ महसुल निर्धारण नभएको अवधिसम्मको रकम असुल गर्न मिल्ने निर्णय गरेको थियो। रकम असुल गर्दा प्राधिकरणको नगद प्रवाहको अवस्थामा प्रतिकूल असर नपर्ने गरी उद्योगीले किस्ताबन्दीमा बुझाउन सक्ने व्यवस्था प्राधिकरणले गरिदिनुपर्ने पनि प्रतिवेदनले उल्लेख गरेको थियो। सोही प्रतिवेदन, सञ्चालक समिति बैठकमा विभिन्न निर्णय र संसदीय समितिको निर्देशनसमेतका आधारमा प्राधिकरणले गत भदौदेखि नै छुट रकम नतिरे विद्युत् काट्ने सूचना जारी गर्दै आएको थियो।